# ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड

greenlife Hydropower Ltd.
रजिष्टर्ड कार्यालयः का.म.न.पा.२८, कमलपोखरी, काठमाण्डौं
सम्पर्क नं. ०१-४५११३७३
Email: nepalgreenlife@gmail.com
Website: greenlifehydropower.com.np

## तेह्रौं, चौधौं र पन्ध्रौं बार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनीमहानुभावहरु,

यस कम्पनीको मिति २०८२ असोज ८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको १३ औं, १४ औं तथा १५ औं वार्षिक साधारणसभा बोलाईएकोमा सो साधारणसभामा गणपूरक संख्या नपुगी स्थिगित भएकाले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम मिति २०८२/०७/२० को संचालक समितिको बैठकको निर्णय बमोजिम कुनै नयाँ प्रस्ताव समावेस नगर्ने गरी पूनः देहायको मिति, स्थान तथा समयमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान तथा समय :**

मितिः २०८२/०७/२८ गते (तदअनुसार नोभेम्वर १४, २०२५)
स्थानः लिसारा रिसेप्सन्स प्रा.लि. **(Lisara Receptions Pvt. Ltd.),**
भगवतीबहाल, नक्साल काठमाण्डौ
समयः बिहान ११:०० बजे

**छलफलका प्रस्तावहरू :**

**क) सामान्य प्रस्तावहरु :**

१. कम्पनीको संचालक समितिको तर्फवाट अध्यक्षले प्रस्तुत गर्ने आ.व. ०७८/०७९, ०७९/०८० र ०८०/०८१ क्रमश तेह्रौं, चौधौं र पन्ध्रौं संयुक्त बार्षिक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने ।

२. आ.व. ०७९/८० को लागि मिति २०८०/०९/१७ को संचालक समितिले निर्णय गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०८०/१०/०८ मा एस.सुवेदी एण्ड एसोसिएट्सलाई गरेको नियूक्त र आ.व. ०८०/८१ को लागि मिति २०८१/०९/२३ को निर्णयले सिफारिस गरी श्री कम्पनी रजिष्टारको कार्यालयले मिति २०८१/०९/२८ मा लेखापरिक्षक श्री एन. दि. एण्ड एसोसिएट्सलाई गरेको नियूक्ती तथा पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।

३. आ.व.०७८/०७९, ०७९/०८० र ०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब तथा सम्वन्धित अनुसुचीमा छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

४. आर्थिक बर्ष ०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती एबं निजको पारीश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

५. संचालक नियुक्ती अनुमोदन तथा सर्वसाधरण समुहबाट बाँकी अवधि प्रतिनिधित्व गर्ने संचालक चयन गर्ने सम्वन्धमा ।

**ख) बिशेष प्रस्तावहरु :**

१. अधिकृत तथा जारी पूजिँ बृद्धि सहित प्रवन्धपत्रको दफा ६ को उपदफा (क) (ख) (ग) (घ) र (ङ) संशोधन गर्ने सम्वन्धमा विशेष प्रस्ताव ।

२. कम्पनीको स्विकृत नियमावलीको नियम २७ (१) (२) (क) (ख) (ग) र ३६ (५) संशोधन गर्ने विशेष प्रस्ताव ।

३. हाल कायम रहेको जारी तथा चुक्ता पूँजीबाट १ बरावर १ हकप्रद शेयर जारी गर्ने सम्वन्धमा विशेष प्रस्ताव ।

४. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा (१) (ख) का सम्वन्धमा विशेष प्रस्ताव ।

५. उल्लेखित साधारण तथा विशेष प्रस्तावका सम्वन्धमा कम्पनी रजिष्टार कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विद्युत बिकाश विभाग, सिडिएस एण्ड क्लियरिङ्ग लि. बिद्युत नियमन आयोग लगायत नियमनकारी निकायबाट फेरवदल गर्न निर्देशन आएका बखत सो सम्वन्धि आवश्यक निर्णय गर्ने, संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने विशेष प्रस्ताव ।

**ग) बिबिध**

संचालकसमितिको निर्णय अनुसार,
कम्पनी सचिव

**साधारण सभा सम्वन्धी सामान्य जानकारी**

१. तेह्रौं, चौधौं र पन्ध्रौं सम्यूक्त बार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८२/०७/१२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिए पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०७/११ गते सम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिनको लागि योग्य हुनेछन् ।

२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुको सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० देखि ११:०० बजे सम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितिवाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपूरक संख्या पूरा भए पश्चात् सभाको कार्यवाही अगाडी बढाइनेछ ।

३. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियूक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यलयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागी प्रतिनिधि नियूक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधिभित्र कम्पनीको रजिष्टर्ड कार्यलयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियूक्त गर्नु भएका शेयरधनि आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

४. मिति २०८२/०७/१८ गते तय भएको साधारणसभामा कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शीर्षक अर्न्तगत कम्पनी सम्वन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेमा त्यस्तो प्रस्तावहरु प्राप्त नभएकाले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा(२) र (३) बमोजिम पूनः बोलाईएको यो वार्षिक साधारण सभामा बिबिध बिषयमा छलफल नहुने ब्यहोरा अनुरोध छ ।

५. पूनः बोलाईएको यो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ । साथै, अन्य थप जानकारी कम्पनीको वेभसाइट www.greenlifehydropower.com.np मार्फत समेत प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**